# धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड
## Dhaulagiri Laghubitta Bittiya Sanstha Limited

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

**केन्द्रीय कार्यालय** : बागलुङ -२, श्रीनगरटोल, बागलुङ फोन नं. ०६८-५२०९०५
Email: hr.dhaulagiri@gmail.com

## प्रथम वार्षिक साधारणसभा सम्बन्धि सूचना

प्रथमपटक प्रकाशित मिति : २०७६/०९/०९

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेडको मिती २०७६/०९/०८ मा बसेको संचालक समितीको ३१ औं बैठकको निर्णय अनुसार प्रथम वार्षिक साधारणसभा देहायको मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा २ अनुसार सम्पुर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागी अनुरोध छ ।

**सभा हुने मिति,समय र स्थान :-**

**मिति** : २०७६/०९/२९ गते मंगलबार, तदनुसार जनवरी १४, २०२०
**समय** : बिहान ९:०० बजे
**स्थान** : धौलागिरी सामुदायिक स्रोत विकास केन्द्रको सभाहल, उपल्लाचौर, बागलुङ

**छलफलका विषयहरु :-**

आगामी प्रथम वार्षिक साधारणसभामा पेश हुने प्रस्तावहरुः
यस संस्थाको आगामी प्रथम वार्षिक साधारणसभा मिती २०७६/०९/२९ गते मंगलबार तदनुसार जनवरी १४ का दिन बिहान ९:०० बजे धौलागिरी सामुदायीक स्रोत विकास केन्द्रको सभाहल, बागलुङ न.पा. ४, उपल्लाचौर, बागलुङ मा बोलाउने निर्णय गरियो । सो सभामा देहायका बिषयहरु छलफल तथा निर्णयको लागी पेश गर्ने निर्णय भयो ।

**क) सामान्य प्रस्तावहरु :**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने आर्थिक बर्ष २०७५/०७६ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ आषाढ मसान्तको वासलात, आर्थिक बर्ष २०७५/०७६ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु (अनुसुचीहरु समेत) छलफल गरी पारित गर्ने प्रस्ताव साधारण सभा समक्ष पेश गर्ने ।
३. आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण गर्नका लागि सञ्चालक समितिबाट गरिएको लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक अनुमोदन गर्ने ।
४. आर्थिक बर्ष २०७५/७६ को सञ्चालक समितिको बैठक भत्ता, अन्य समितिको बैठक भत्ता र समिति सम्बन्धी अन्य खर्च अनुमोदन गर्ने ।
५. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६० तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस संस्थाको आर्थिक बर्ष २०७६/०७७ को लेखापरिक्षण कार्यको लागि सोही ऐनको दफा १६५ (घ) बमोजिम लेखापरिक्षण समितिबाट सिफारिस भए बमोजिम लेखापरिक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव साधारणसभा समक्ष पेश गर्ने ।
६. संस्थापक समूहका शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ४ (चार) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**ख) विशेष प्रस्ताव :**

१. यस वित्तीय संस्था नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गको अन्य लघुवित्त वित्तीय संस्थाहरुसंग गाभ्ने र गाभिने (मर्जर) तथा प्राप्ती (एक्विजिशन) सम्बन्धमा आवश्यक सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने । बैंक वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ती (एक्विजिशन) विनियमावली २०७३ को विनियम ५ बमोजिम संचालक समितीले गाभ्ने/गाभिने सम्बन्धमा भए गरेका निर्णयहरुलाई अनुमोदन गर्ने ।
२. वित्तीय संस्थाको अधिकृत पुँजी, जारी पुँजी र चुक्ता पुँजी संसोधन गर्ने र सोही बमोजिम प्रवन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्न संचालक समितीलाई अख्तियारी प्रदान गर्ने ।
३. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनमा नियमनकारी निकायबाट कुनै संशोधन वा परिमार्जन वा फेरबदल गर्न सुझाव वा निर्देशन भएमा सो अनुरुप गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
४. स्थानिय, प्रदेश तथा केन्द्रिय सरकार सँग समन्वय गरी कर्जा सहयोग तथा अनुदान आदान प्रदान गर्न संचालक समितीलाई अख्तियारी प्रदान गर्ने ।
५. नेपाल राष्ट्र बैंकको अधिनमा रही राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था सँग समन्वय गरी कर्जा सहयोग तथा अनुदान लिई कारोबार गर्न संचालक समितीलाई अख्तियारी प्रदान गर्ने ।
६. विशेष प्रस्ताव पारित भएपश्चात् प्रबन्धपत्र तथा नियमावलीमा हुने संशोधन स्वीकृत गर्ने तथा उक्त संशोधनमा नियमनकारी निकाय (कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, कर कार्यालय लगायत) ले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सोहि अनुरुप आवश्यक संशोधन, थपघट तथा समायोजन गर्ने सम्पूर्ण अख्तियारी सञ्चालक समितीलाई प्रदान गर्ने ।

**ग) विविध :-**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## साधारणसभा सम्बन्धी अन्य जानकारी

१. साधारणसभामा भाग लिन आउदाँ शेयर प्रमाणपत्र वा परिचय खुल्ने प्रमाणपत्र वा संस्थाले जारी गरेको प्रवेश पत्र अनिवार्य लिई आउनु पर्नेछ ।
२. शेयरधनीहरुको हाजिरीको लागि सभा स्थलमा बिहान ८:०० बजे बाट नै हाजिरी पुस्तिका खुल्ला रहनेछ ।
३. साधारणसभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्न चाहने शेयरधनीहरुले साधारणसभा हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै प्रोक्सी फारम संस्थाको केन्द्रीय कार्यालयमा दर्ता गराइ सक्नुपर्नेछ । शेयरधनी बाहेक अरुलाइ प्रोक्सी दिन वा शेयर बिभाजन गरि दिन पाइने छैन । एक जना शेयरधनीले एक भन्दा बढि व्यक्तिलाई प्रोक्सी दिई पठाएमा पहिले दर्ता गराएको प्रोक्सीले मान्यता पाउनेछ । प्रोक्सी नियुक्ति गर्ने शेयर धनी आफैं उपस्थित हुन चाहेमा २४ घण्टा अगावै आफैं उपस्थित भई लिखित सुचना दिनु पर्नेछ ।
४. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्तो संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन पाउनेछ ।
५. छलफलको विषय अन्तरगत विविध शिर्षकको सम्बन्धमा शेयरधनि महानुभावहरुले कुनै विषय उपर छलफल गर्न चाहेमा सो विषय बारे सभा हुनु भन्दा ७ दिन अगावै संस्थाको केन्द्रीय कार्यालयमा लिखित जानकारी दिनु पर्नेछ । सो जानकारी नदिएको विषय उपर प्रश्न गर्न पाइने छैन ।
६. संचालक निर्वाचन सम्बन्धी सुचना मिती २०७६ पुष २२ गते वित्तीय संस्थाको सुचना पाटिमा प्रकाशित गरिनेछ ।
७. साधारणसभा सम्बन्धमा केहि थप जानकारी आवश्यक परेमा वा बार्षिक प्रतिवेदन प्राप्त नभएमा कार्यालय समय भित्र कार्यालयको फोन नं.०६८-५२०९०५ मा सम्पर्क गर्नुहुन वा स्वयं उपस्थित भै जानकारी लिन सकिने छ ।